# बन्दिपुर गाउँपालिका

बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८०/०५/२४

भाग २

बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

# बन्दीपुर गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधी,२०८०

# बन्दिपुर गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः-**

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पिडित तथा बेचविखनमा परेका महिला, बालबालिका विपन्न, अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, वेवास्तामा परेका जेष्ठ नागरिकको हित र प्राकृतिक प्रकोपजन्य विपदबाट पिडित व्यक्तिहरुलाई राहत वितरण गर्न कल्याणकारी कार्य सम्बन्धी कानुन तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम आर्थिक कार्यविधि ऐन, २०७५ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी बन्दिपुर गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "बन्दिपुर गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत हुने वित्तिकै प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय प्रसङ्गले अर्को अर्थ नलागेमा।

(क) "गाउँपालिका" भन्नाले बन्दिपुर गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले बन्दिपुर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न भएका, मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवम् क्यान्सर पिडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पिडित एवम् वेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बेसहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, बाबु वा संरक्षकबाट बञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिती भएको बालबालिका, एच. आई.भि एड्सबाट संक्रमित बालबालिका, बेसहारा, बृद्धबृद्धा तथा बिशेष कारणबश बेखर्ची भएका नागरिक, घर गोठ जलेर क्षति भएका एबम् बाढी पहिरोबाट पिडित गाउँबासी, चट्याङ्ग, आगलागी उल्लेखित व्यहोरा भएका बन्दिपुर गाउँपालिकाका स्थानीय तथा गाउँ कार्यपालिका कर्मचारी र जनप्रतिनिधिहरु समेत बुझ्नु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले बन्दिपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको अध्यक्ष सम्झनु पर्दछ।

(ङ) "उपाध्यक्ष" भन्नाले बन्दिपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको उपाध्यक्ष सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बन्दिपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पिडितलाई सहायता :**

(१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) तथा क्यान्सर पिडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्ने छन्।

**स्पष्टिकरण** "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, गाउँपालिकाको स्वास्थ्य संयोजकको सिफारिस लगायतका कागजात बुझ्नु पर्दछ।"

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि समितिले आवश्यक छलफल गरी अति विपन्न व्यक्तिहरुलाई थप आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी एकपटकका लागि रु.५०००/-(पाँच हजार) देखी बढीमा रु.१५,०००/- (पन्ध्र हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

**४. हिंसा पीडित तथा मानव वेचविखनमा परेकालाई सहायताः**

(१) यौन हिंसाबाट पीडीत एवम् वेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न स्थानीय प्रहरी सरजमिन तथा समितिको निर्णयानुसार बढीमा रकम रु, १०,०००/-(दश हजार मात्र) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) पीडितलाई न्याय दिलाउन एवम् पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ।

**५. आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायताः**

(१) बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडीत, बाबु आमा वा संरक्षणबाट वञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको, सडक बालबालिका, एच.आई.भि. एड्सबाट संक्रमित बालवालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि समितिको निर्णय अनुसार रु.५,०००/- (पाँच हजार) सम्म आर्थिक सहायता उपलव्ध गराउन सकिन्छ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षा दिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसंग समन्वय गरी छात्रवृति मार्फत पठनपाठनको व्यवस्था गर्न सकिनेछ।

**६. खेलकुद तथा सांस्कृतिक कार्यक्रम संचालन सम्बन्धि सहायताः**

(१) स्थानिय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरको खेलमा सहभागी हुने खेलाडि तथा स्थानिय रुपमा साँस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लब तथा संघ संस्थालाई तपशिल बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ।

(क) स्थानियस्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि रु.५,०००/-(पाँच हजार) देखि बढिमा रु.१०,०००/-(दश हजार) सम्म।

(ख) जिल्लास्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमका लागि रु.११,०००/-(एघार हजार) देखि रु.१५,०००/-(पन्ध्र हजार) सम्म।

(ग) प्रदेश तथा राष्ट्रियस्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमका लागि रु.१६,०००/-(सोह्र हजार) देखि बढिमा रु.२५,०००/-(पच्चीस हजार) सम्म।

(घ) अन्तराष्ट्रियस्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमका लागि कार्यपालिकाले निर्णय गरे बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ।

**७. बेवास्थामा परेका जेष्ठ नागरिक सहायताः**

६० वर्ष उमेर पुगेका परिवारका सदस्यले वेवास्था गरी भिन्न बसेका विपन्न, रोगी, अशक्त जेष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रु.२०००/-(दुई हजार) सम्म आर्थिक सहायता दिई पुनःस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ। तर गाउँपालिकाबाट नियमित सामाजिक सुरक्षा भत्ता रकम बुझ्ने नागरिकको हकमा यो सुविधा पाईने छैन।

**८. विपन्न परिवारलाई मृत्यु संस्कार सहायताः**

(१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारण मृत्यु भई सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, वेवारिसे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा गाउँकार्यपालिकाले मनासिव ठहराएमा एक मुष्ठ रुपमा रु.१५,०००/-(पन्ध्र हजार) आर्थिक सहायता दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्नेछ। उल्लेखित ब्यहोरा आई परेमा गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समेत गाउँपालिकाको निर्णयबाट आर्थिक सहायताको लागि एथोचित रकम सहायता दिन सकिनेछ।

**९. संस्थागत सहायता कार्यक्रमः**

(१) उल्लेखित प्रकृति र अन्य सामाजिक क्षेत्रको कार्यमा सहयोग पुऱ्याउन बिभिन्न कार्यक्रमहरु संचालन गर्ने संघ संस्थाहरुलाई कार्यक्रम सहयोग स्वरुप निवेदन पेश हुन आएमा र समितिले मनासिव ठहराएमा एकमुष्ठ रुपमा बढीमा रु.५,०००/- (पाँच हजार) सम्म आर्थिक सहायता दिई सहयोग गर्न सकिनेछ।

**१०. विपद कार्यमा सहायताः**

(१) बाढी, पहिरो, आगलागी, भुकम्प, माहामारी लगायतका विपदबाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक जीवन निर्वाह एवम् आवास व्यवस्थापनको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव देखिएमा समितिले तपशिल बमोजिम राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराईनेछ।

(क) प्राकृतिक प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा मृतकको नजिकको हकदारलाई प्रति परिवार रु.५०,०००/- (पचास हजार) सम्म।

(ख) विपदबाट घरबास भत्किई आंशिक वा पूर्ण क्षति भएमा अवस्था हेरी दैनिक जिविको पार्जन तथा पुनर्स्थापनाका लागि राहत स्वरुप रु.१०,०००/- (दश हजार) देखी बढीमा रु.२०,०००/- (बीस हजार) सम्म।

(ग) विपदमा परि अङ्गभङ्ग भई गम्भीर घाइते भएमा उपचार खर्च वापत रु.५,०००/- (पाँच हजार) देखि बढीमा रु.२०,०००/- (बीस हजार) सम्म।

(घ) प्रकोपबाट बालीनाली आंशिक वा पुरै नष्ट भएमा क्षतिको अवस्था हेरी रु.२,०००/- (दुई हजार) देखि रु.१०,०००/- (दश हजार) सम्म।

(ङ) प्रकोपबाट गोठ कटेरा भत्किई पशु तथा चौपाया मृत्यु भएमा अवस्था हेरी रु.२,०००/- (दुई हजार) देखी रु.२०,०००/- (विस हजार) सम्म।

(च) प्रकोपबाट गोठ, कटेरा वा टहरा भत्किएमा आंशिक वा पूर्ण क्षति वापत ५,०००।– (पाँच हजार मात्र।) देखि बढीमा १०,०००।– (दश हजार मात्र।) सम्म।

(२) उपदफा (१) बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पिडित व्यक्तिले प्रहरी मुचुल्का, वडाको सिफारिस, नागरिकताको प्रतिलिपी, घटना स्थलको स्पष्ट तस्विर सहित गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

## परिच्छेद-३

## कोषको व्यवस्था तथा संचालन

**११. आर्थिक सहायता तथा उपचार सहयोगको लागि कोषको व्यवस्थाः**

(१) यस कार्यविधि अनुसार आर्थिक सहयोग दिन, उद्धार तथा पुर्नस्थापना गर्ने प्रयोजनको लागि आर्थिक सहायता कोषको स्थापना गरिनेछ। कोषमा देहायको रकम जम्मा गरिनेछ।

(क) संघीय सरकार, प्रदेश सरकार, गाउँ सभाबाट विनियोजन भएको अनुदान रकम,

(ख) सरकारी तथा गैर सरकारी संघ संस्था, व्यक्ति तथा निजी क्षेत्रबाट आर्थिक सहायताको लागि प्राप्त जुनसुकै अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पिडितको उद्धार, राहत तथा पुनर्स्थापनाको लागि जुनसुकै रकम,

(घ) गाउँकार्यपालिकाको निर्णय बमोजिम विपद कोषमा विनियोजन मार्फत् प्राप्त रकम,

**१२. कोष संचालन समिति, कोष संचालन तथा लेखापरिक्षणको व्यवस्थाः**

(१) नियम १० अनुसारको गाउँपालिकाको आर्थिक सहायता कोषबाट सहायताको निर्णय गर्न र सहायतामा दिइएको रकमको अनुगमन गर्न देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिका सदस्य | - सदस्य |
| प्रशासन शाखा प्रमुख | - सदस्य |
| गाउँपालिकाको स्वास्थ्य शाखा संयोजक | - सदस्य |
| विपद् व्यवस्थापन शाखा प्रमुख | - सदस्य सचिव |

(२) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा हुनेछ।

(३) कोषको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नुपर्नेछ।

(४) कोषको लेखा परीक्षण गाउँपालिकाको खर्चको लेखा परिक्षण गर्न तोकिएको निकायबाट हुनेछ।

**१३. परामर्श तथा सहयोग लिन सक्ने :**

(१) समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका सरोकारवाला व्यक्ति तथा निकायहरुसँग आवश्यक परामर्श तथा सहयोग लिन सक्नेछ।

**१४. पारदर्शीता र जवाफदेहिताः**

कोषबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण चौमासिक रुपमा सार्वजनीक गरिने छ। साथै कार्यालयको वेबसाईटबाट समेत उल्लेखित व्यहोरा जानकारी गराईनेछ। सम्बन्धित सरोकारवालाहरुबाट कुनै जिज्ञासा तथा जानकारी माग भएमा समिति तथा गाउँपालिकाबाट आवश्यक विवरण उपलब्ध गराईने छ।

## परिच्छेद-४

## आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्था

१५. (क) गाउँको सामाजिक, आर्थिक, राजनैतिक, साहित्य, साँस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक, स्वास्थ्य अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिमको कोषको अवस्था हेरी एक पटकका लागि मात्र बढिमा रु.१५,०००/-(पन्ध्र हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(ख) गाउँपालिकाको कार्यालयको काममा वा कार्यालयको काममा आउँदा वा फर्किदा कुनै जनप्रतिनिधि वा कर्मचारी आकस्मिक रुपमा दुर्घटना भई बिरामी भएमा, घाईते भएमा निज वा निजको हकवालालाई उपचार खर्चवापत बढिमा रु.२५,०००/-(पच्चीस हजार) र मृत्यु भएमा निजको हकवालालाई रु.५,००,०००/-(पाँच लाख मात्र) रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

कार्याविधिको यस दफा १५ (क) र (ख) बमोजिम उपलब्ध गराइने आर्थिक सहायताको निर्णय कार्यपालिकाबाट निर्णय गरी उपलब्ध गराइनेछ।

१६. **निवेदन** : नियम ३ देखी ९ सम्म उल्लेखित क्षेत्रमा सहायता पाउन अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ।

१७.यस कार्यविधिमा उल्लेख भएबमोजिम रु. २०,०००/-(विस हजार रुपैया) सम्मको आर्थिक सहायता अध्यक्षको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सिधै प्रदान गर्न सकिनेछ।

**१८. अधिकार प्रत्यायोजन गर्न सकिनेः** यस कार्याविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णयको आफ्नो अधिकार समिति र गाउँ कार्यपालिकाले गाउँपालिका अध्यक्षलाई दिन सक्नेछ। तर दफा १४ बमोजिमको अधिकार प्रत्यायोजन हुने छैन।

१९. यस कार्यविधि बमोजिम स्थापित कोषबाट प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई एउटै प्रकृतिको घटनामा १ आर्थिक वर्ष भित्र १ पटक मात्र उपलब्ध गराईनेछ।

## परिच्छेद-५

## विविध

२०. **संसोधन तथा परिमार्जन** : यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संसोधन तथा परिमार्जन गर्न सकिनेछ।

२१. **खारेजी तथा बचाउ** : यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानूनसंग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ। साथै गाउँ कार्यपालिकाबाट यस आ.व.मा आर्थिक सहयोग सम्बन्धमा भएमा निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची -१

निवेदनको ढाँचा

(दफा ८ सँग सम्बन्धित)

श्रीमान अध्यक्ष/प्रमुख प्रशासकीय अघिकृत ज्यू ,
बन्दिपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
बन्दिपुर, तनहूँ ।

विषय : आर्थिक सहायता उपलब्ध गराईदिनु हुन।

महोदय,

प्रस्तुत विषयमा म/हामी.........................................रोगले ग्रसित भई/समस्यामा परि ............................ गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/ छौं। उपचार र....................... को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकाले सो को लागि त्यस कार्यालयको निम्नानुसारको आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपशिलका कागजातहरु यसैसाथ संलग्न गरी पेश गर्दछु/ छौं।

तपशिल :

१. आर्थिक रुपले विपन्न भएको सिफारिस तथा प्रमाणित प्रतिलिपी।

२. नागरिकता/ जन्म दर्ता/ विवाह दर्ता/........................को प्रतिलिपी।

३. अस्पताल/ सम्बन्धित निकायको रिपोर्ट।

४. वडा अध्यक्ष स्वास्थ्य संयोजक/ सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस।

निवेदक

...............................

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/ ०४ /३१
प्रमाणिकरण मितिः २०८०/०५ /२४

आज्ञाले,
नवेशराज हमाल
प्रमुख प्रशासकीय अधिकृत